अर्जुनधारा नगरपालिका

## नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ६१

मितिः२०७७/०३/०१

उपस्थितिः

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरूङ | सदस्य | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| आमन्त्रित, | श्री सौजन कट्टवाल | सहायक | |
| '' | श्री चुडामणी त्रिरोला | | |

अर्जुनधारा नगरपालिका

*नगर कार्यपालिकाको बैठकका निर्णयहरु बैठक संख्या ९१* *मिति २०७७/०३/०१*

***मिति २०७७/०३/०१ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु***

१. आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी देहायका योजनाहरुमा देहायानुसार बजेट विनियोजन गर्ने ।

| कार्यक्रम | बजेट(रु) |
|---|---|
| वडा नं १ र २ अरुण रानाको घर पूर्व टाङटिङ खोलाको दुई पट्टीको किनारामा २/२ वटा स्पर बाँध्न | ४ लाख |
| वडा नं १ उपेन्द्र आचार्यको घर पूर्व पट्टी ठूलो नेते खोलामा २ वटा स्पर बाँध्न | २ लाख |
| नारी चेतना समूह ढाका तालिम तथा उत्पादन केन्द्र भवन निर्माण,वडा नं ८ | ५ लाख |
| वडा नं ५ र ६ को सिमानामा पर्ने पुल निर्माण | १५ लाख |
| दहिझोडा चिसापानी अधुरो मिनिपुल निर्माण | ४ लाख |
| वडा नं ३ को अधुरो वडा कार्यालय भवन निर्माण | ल.ई.अनुसार |
| वडा नं ३ को वडा कार्यालय अगाडी व्यवसायिक भवन निर्माण | ल.ई.अनुसार |
| वडा नं ७ जोरविर मार्ग अधुरो स्लाप कल्भर्ट निर्माण | ३ लाख |

२. **निम्न योजना तथा कार्यक्रममा देहायानुसारका बजेट विनियोजन गर्ने ।**

| कार्यक्रम | बजेट(रु) |
|---|---|
| वडा नं २ गाँजाबारी मिश्रटार खानेपानी मर्मत | ८० हजार |
| इलाका प्रहरी कार्यालय,अनारमनीको सवारी मर्मत | २ लाख १० हजार |
| महिला चेतना बहुउद्देश्यीय सहकारी,वडा नं ७ रिवोल्विङ फण्डका लागि | ५ लाख |
| मदन भण्डारी फाउण्डेसनलाई सम्झौता अनुसार छात्रवृत्तीका लागि अनुदान | ६ लाख |
| नगरपालिका कार्यालय आउने उत्तर तर्फको सडकमा 30 MM को २ थान ह्युमपाइप | लागत अनुसार |
| शनिश्चरे बहुमुखी क्याम्पस संञ्चालन तथा व्यवस्थापन अनुदान | ८ लाख |
| राते खोला कल्भर्टमा स्पर बाँध्न,वडा नं २ | २५ हजार र २० थान तारजाली |

३. नरबहादुर कर्माचार्य प्राविधिक प्रतिष्ठानलाई यस नगरपालिकाका विद्यार्थीलाई कृषि,पशु विज्ञान,इन्जिनियरिङ्ग ,चिकित्सा शास्त्र अध्ययन गर्ने विद्यार्थीलाई बराबर उपलब्ध गराउने गरी छात्रवृत्ती उपलब्ध गराउन यस आर्थिक वर्षमा मा रु १ लाख र आगामी २ आर्थिक वर्षमा वार्षिक ७ लाख का दरले जम्मा रु १५ लाख उपलब्ध गराउने गरी सम्झौता गर्ने ।

४. मिति २०७७/०२/२८ गतेको सर्वपक्षीय बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

५. क. चालु आर्थिक वर्षमा नेपाल सरकारबाट सशर्त कार्यक्रम अन्तर्गत घना जनसंख्या र धैरै स्वास्थ्य संस्था भएका स्थानीय तह स्तरमा कोल्डचेन भण्डार स्थापना,भवन तथा कोठा मर्मत,विद्युतीकरण फर्निचर फर्म छपाई तथा जनशक्ति व्यवस्थापन आदि कार्यक्रमका लागि प्राप्त अनुदान बाट उक्त कार्यक्रम प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेमा स्थापना गर्ने।

ख. बाह्य खोप केन्द्र निर्माण तथा व्यवस्थापनका लागि नेपाल सरकारबाट प्राप्त अनुदानबाट यस नगरपालिकाका सबै खोप केन्द्रहरुका लागि आवश्यक फर्निचर खरिद गर्ने ।

ग. प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरे १५ शैयाको अस्पतालका लागि स्वीकृत भई सकेकोमा हाल सम्म जनशक्ति लगायत अन्य व्यवसस्थापन भई नसकेको र हाल कोभिड १९ प्रकोपका कारण बिरामीको अत्याधिक चाप बढीरहेको हुँदा उक्त स्वास्थ्य केन्द्रमा अस्पताल सञ्चालनका लागि भवन उपकरण तथा जनशक्ति व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गर्न नेपाल सरकार तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

६. स्थानीय तह स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थपान समितिमा कार्यपालिका सदस्य श्री लक्ष्मी तामाङ्ग,शनिश्चरे मा विका शिक्षिका श्री तारा विश्वकर्मा तथा लक्ष्मी मा विका शिक्षिका श्री सृजना रोक्कालाई सदस्यको रुपमा मनोनयन गर्ने ।साथै, सेनेटरी व्यवस्थापनका लागि प्राप्त रु २३ लाख अनुदानबाट Sanitary Pad, Vending Machine तथा Destroyer Machine खरिद गर्ने ।

हेरीकुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका

*नगर कार्यपालिकाको बैठकका निर्णयहरु बैठक संख्या ९१* *मिति २०७७/०३/०१*

७. यस नगरपालिका अन्तर्गत साप्ताहिक हाट बजार कर खुदुनाबारी र शनिश्चरे , आइतबारे पशु बजार पशु चौपाया विक्री कर खुदुनाबारी, शनिश्चरे खसी बजार कोला बजार र गोसहाट शनिश्चरे कर संकलनका लागि राजश्व परामर्श समितिको २०७७/०२/३२ को सिफारिस बमोजिम क्रमशः रु ३९,६१,४५०/- (उन्चालिस लाख एकसट्ठी हजार चार सय पचास मात्र ) र रु ९,२४,०००/- (नौ लाख चौबिस हजार मात्र ) न्यूनतम कबोल अंक कायम गरी आगामी आर्थिक वर्षका लागि आन्तरिक आय संकलन(ठेक्का बन्दोवस्त) कार्यविधि,२०७५ बमोजिम ठेक्का बन्दोवस्त गर्न प्रक्रिया अघि बढाउने ।

८. वडा नं ८ र ९ को विभिन्न योजनाहरु सञ्चालनका लागि ठेक्का आह्वान गर्दा न्यून रकममा ठेक्का कबोल भई बाँकी रहेको रकमबाट उक्त आयोजनामा रकम थप गरी सञ्चालन गर्ने ।

९. चालु आर्थिक वर्ष २०७६/०७७ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं २ को स्वीकृत कार्यक्रम कृषि साझेदारी कार्यक्रममा विनियोजित बजेट रु १ लाख मध्येबाट रु ५१ हजार कोभिड कोषमा रकमान्तर गरिएकोमा बाँकी रकम रु ४९ हजार सम्बन्धित वडाको मर्मत सम्भार शीर्षकमा रकमान्तर गर्ने ।

१०. अर्जुनधारा नगरपालिका वडा नं ४ र ५ जोड्ने कज्वे मर्मत सम्भारका लागि यस नगरपालिकाबाट रु ४ लाख विनियोजन भएकोमा उक्त योजनाको हाल सम्मको प्राविधिक मूल्यांकन अनुसार रु १९३८३७.४४/- (एक लाख त्रियानब्बे हजार आठ सय सैतिस रुपैया चौवालिस पैसा मात्र ) भुक्तानी गरी बाँकि रकम रु २,०६,१६२ मा थप २ लाख रकम बजेट विनियोज गरी स्थानीय सर्वपक्षीय बैठकको निर्णयानुसार बाँकी कामका नयाँ उपभोक्ता समिति गठन गरी सम्झौता गर्ने ।

११. यस नगरपालिकाबाट बैदेशिक रोजगारीका शिलशिलामा विदेश गएका व्यक्तिहरुको तथ्यांक सबै वडा कार्यालयहरुले स्थानीय टोल विकास समितिहरुसँग समन्वय गरी संकलन गर्ने ।

१२. आगामी आर्थिक वर्ष ०७७/०७८ का लागि यस नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रमहरुका सम्बन्धमा सबै वडा कार्यालय तथा विषयगत समितिहरुले स्थानीय राजनैतिक दल,संघ संस्था तथा सरोकारवालाहरुसँग छलफल गरी आगामी आषाढ ४ गते सम्ममा छलफलको सुझाव सहित नगरपालिकामा पेश गर्ने ।

०१/०३/२०७७

हरी कुमार राजी मगर
नगर प्रमुख